

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ २६ गते बिहीबार ❑ 9 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## पोखरा उद्योग वाणिज्य संघबाट सम्मान एवं बधाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ जेठ**

पोखरा उद्योग वाणिज्य संघले पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, मादी गाउँपालिका प्रमुख देवीजंग गुरुङ, रुपा प्रमुख नवराज ओभ्मा, माछापुच्छ्रे गाउँपालिका प्रमुख मीनबहादुर गुरुङ तथा उपप्रमुख सीता अधिकारी एवं पोखराका वडाध्यक्षहरुलाई सम्मानित गरेको हो ।

संघले कास्कीका सबै पालिकाका प्रमुख र उपप्रमुख तथा पोखराका ३३ वटै वडाका वडाध्यक्षहरुलाई सम्मान र अन्तर्क्रियाको लागि आमन्त्रण गरेको थियो । नवनिर्वाचित जनप्रतिनिधिहरुलाई निजी क्षेत्रका एजेण्डाहरुबारे जानकारी गराउने, सहकार्य र सम्भावनाका क्षेत्रहरु पहिचान गर्ने उद्देश्यले सम्मान तथा अन्तर्क्रिया आयोजना गरिएको संघका अध्यक्ष नारायण कोइरालाले बताए ।

कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका पूर्वकार्यसमिति सदस्यसमेत रहेका पोखराका मेयर धनराज आचार्यले पोखरा महानगरको सबैभन्दा ठूलो चुनौती नै सुशासन कायम गर्नु रहेको बताए । उनले आउँदा केही दिनभित्रै महानगरले एउटै ढोकाबाट सबै सुविधा दिने र सुशासनका सबै सूचाङ्कहरु पालना गरिने उद्घोष गरे । करका दरहरु अव्यवहारिक र चर्को भएको व्यवसायीहरुको गुनासो सुनेपछि उनले करको दर परिवर्तन गर्न आफू तयार रहेको उद्घोष गरे । 'राजश्वको दायरा बढाउँछौं, जग्गाको मूल्याङ्कनमा पुनर्विचार गरिन्छ तर करको दर घटाएपछि राजश्व बढाउने ठाउँ देखाउने काममा निजी क्षेत्रले सहयोग गर्नुपर्छ ।' उनले नागरिकको दैनिक जीवन सजिलो र सस्तो बनाउने योजना रहेको बताउँदै चुनावी उपक्रममा गरिएका प्रतिवद्दताहरु पूरा गरिने जिकिर गरे । पोखराको ट्राफिक व्यवस्थापनको योजना बनिरहेको सुनाउँदै उनले वरपरका गाउँपालिकाको विकासमा पनि महानगरले सहयोग गर्ने प्रतिवद्दता व्यक्त गरे । केही वर्षयता पोखरा महानगरको अन्तर ाष्ट्रिय सम्बन्ध तथा दाताहरुसँगको सम्बन्ध खासै राम्रो नभएको जिकिर गर्दै उनले बिहीबार नै १२ देशका राजदूतहरु पोखरा आउँदै गरेको जानकारी दिए । उनले तालचोकदेखि बेगनाससम्मको नमूना सडकको टेण्डर खोल्ने तयारी भएको पनि बताए । मादी गाउँपालिकाका प्रमुख देवीजंग गुरुङले मादीले कृषि र पर्यटनको माध्यमबाट समृद्धिको परिकल्पना गरेको बताउँदै सो क्षेत्रको कृषि र पर्यटनमा लगानी गर्न व्यवसायीलाई आग्रह गरे । 'गाउँमा ठूलो व्यवसाय हुने सम्भावना अभ्मै बनेको छैन',उनले भने,'कृषि र पर्यटनमा भने सम्भावना छ,आउनुहोस् लगानी गर्नुहोस्,हामी सघाउँछौं ।' रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओभ्माले गाउँपालिकाले भूमि बैंक स्थापना गरेको र त्यही बैंकमार्फत कृषि कर्म गर्न चाहने व्यवसायीलाई जग्गा उपलब्ध गराउने जनाए ।



'हामी निजी जग्गा भाडामा उपलब्ध गराउँछौं, ५ वटा बैंकसँग ऋण सम्भ्मौता गरेका छौं,पूँजी पनि दिन्छौं र उत्पादित सामान बजारसम्म पुऱ्याउन सघाउँछौं'उनले भने,'हामी पूँजीको सुरक्षा गरिदिन्छौं ।' पोखरा उद्योग वाणिज्य संघ तथा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले पोखरामा बनाउने भनिएको चक्रपथलाई नै ट्राम चल्ने खालको बनाउनुपर्नेमा जोड दिए । ट्राम भनेको सहरी क्षेत्रमा चल्ने रेल नै हो । संघीय सरकारको बजेट वक्तव्यमा पोखरासहितका नगरमा ट्राम संचालनको सम्भाव्यता खोजिने उल्लेख गरिएको छ । मादी करिडरले सो क्षेत्रको सम्भावनाको ढोका खोल्ने भएकाले करिडर निर्माणमा सहजीकरण गर्न जनप्रतिनिधिहरुसँग आग्रह गरे । पोखरा महानगर सुशासनमा अब्बल बन्नुपर्ने, यहाँको प्रदूषण घटाउनेतिर लाग्नुपर्ने तथा आर्थिक सामर्थ्य बढाउने काम हुनुपर्ने उनको जोड थियो । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य बाबुराम गिरीले पोखरामा सम्पत्ति कर अन्य पालिकाको भन्दा महँगो भएको गुनासो गरे । उनले लगानी मैत्री वातावरण निर्माण,कृषिको व्यावसायिकरणमा लाग्न जनप्रतिनिधिहरुलाई सुभ्माए ।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले पोखरा महानगरले एउटै ढोकाबाट कर तिर्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए । फुटपाथको अनधिकृत व्यवसाय रोकिनुपर्ने, ट्राफिक व्यवस्थापन हुनुपर्ने,महानगरले प्रविधिमा आधारित रहेर नागरिकलाई सेवा प्रवाह गर्नुपर्नेमा उनको जोड थियो । 'फुटपाथमा अनधिकृत व्यवसाय भएको छ,त्यो व्यवसायले कर तिर्ने व्यवसायीहरु नै विस्थापित हुने अवस्था छ',उनले भने,'मुख्य सहरी क्षेत्रमा पार्किङको पनि समस्या छ,रिङरोड बन्यो भने पोखराको आधा सवारी साधन त्यता जान्थे, मुख्य सहरमा सहजता हुन्थ्यो।'उनले स्थायी प्रदर्शनी केन्द्र निर्माणमा सहकार्य गर्न महानगरसँग अनुरोध गरे । पोखरा ४ का वडाध्यक्ष देवकृष्ण पराजुलीले निजी क्षेत्रलाई साथ लिएर अगाडि बढ्ने प्रतिवद्दता व्यक्त गर्दै पार्किङको समस्या सुल्भ्माउन अभियान सुरु गरिएको जानकारी दिए । पोखरा उद्योग वाणिज्य संघका उद्योगतर्फका उपाध्यक्ष गोकर्ण कार्कीको धन्यवाद ज्ञापन रहेको कार्यक्रमको संचालन महासचिव सुरेन्द्रमान विजुक्छेले गरेका थिए ।

## हुबहु प्रश्नपत्रका सम्बन्धमा केन्द्रीय परीक्षा समितिद्वारा छानबिन

**रासस**
**काठमाडौं, २५ जेठ**

त्रिभुवन विश्वविद्यालय (त्रिवि)को परीक्षामा सोधिने प्रश्नपत्रमा पटक पटक लापरबाही देखिएपछि छानबिन गरिने भएको छ । त्रिविले अहिले सञ्चालन गरिरहेको स्नातकोत्तर तह मानविकी तथा समाजशास्त्र सङ्कायको परीक्षाका दुईवटा विषयको प्रश्नपत्रमा हुबहु देखिएपछि छानबिनको प्रक्रिया अगाडि बढाइएको हो ।

मानविकी सङ्कायले जेठ १८ गते स्नातकोत्तर तह तेस्रो सेमेष्टरको अर्थशास्त्र विषयअन्तर्गत 'पब्लिक इकोनोमिक्स' र जेठ २३ गते स्नातकोत्तर तहको राजनीतिशास्त्रको पहिलो सेमेस्टरको 'इन्टरनेशनल पोलिटिक्स' विषयको प्रश्नपत्र अघिल्लो वर्षको प्रश्नपत्रसँग हुबहु मिलेको छ । त्रिवि मानविकी सङ्कायका डीन प्रा डा कुसुम शाक्यले हुबहु दोहोरिएको प्रश्नपत्रका सम्बन्धमा छानबिन गर्नका लागि त्रिवि केन्द्रीय परीक्षा समितिसमक्ष आग्रह गरिसकेको जानकारी दिनुभयो । "हामीले हुबहु प्रश्नपत्रका सम्बन्धमा छानबिन गर्नका लागि परीक्षा समितिलाई आग्रह गरिसकेका छौं", उहाँले भन्नुभयो, "अब हुने परीक्षामा यस्तो समस्या आउन नदिनका लागि हामी सचेत छौं ।" त्रिविले विज्ञ समूहबाट प्रश्नपत्र बनाए पनि प्रश्नपत्र सेट गर्नेको लापरबाहीको कारणले अघिल्लो वर्षको प्रश्नपत्र दोहोरिने गर्दछ । रजिष्ट्रार तथा केन्द्रीय परीक्षा समितिका अध्यक्ष प्रा डा पेशल दाहालले मानविकी सङ्कायले छानबिनका लागि आग्रह गरेकाले हुबहु प्रश्नपत्रका सम्बन्धमा छानबिन गर्ने बताउनुभयो । "आज नै मानविकी सङ्कायले छानबिनका लागि आग्रह गरेको पत्र मैले प्राप्त गरेको छु", उहाँले भन्नुभयो, "छानबिन गरेपछि कसको लापरबाही रहेको छ भन्ने थाहा हुन्छ ।" उहाँले परीक्षामा गत वर्षको पनि प्रश्नपत्र सोध्न पाइने उल्लेख गर्दै प्रश्नपत्रको सेट छान्दा हुबहु पर्ने गएको हुनसक्ने बताउनुभयो । ६० पूर्णाङ्कको उक्त विषयको परीक्षामा १३ वटा प्रश्न सन् २०२० र सन् २०२१ को हुबहु मिलेको छ ।

## राष्ट्रपतिद्वारा नेपाली खाद्य उत्पादन प्रवर्द्धन जुट्न सम्बद्ध सबैमा आह्वान

**रासस**
**काठमाडौं, २५ जेठ**

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली मौलिक खाद्य उत्पादन र संस्कृतिको प्रवर्द्धनमा जुट्न सम्बद्ध सबै पक्षसँग आह्वान गर्नुभएको छ ।

विश्व मानव समुदायलाई खाद्य चुनौती बढ्दै गएकोतर्फ चिन्ता व्यक्त गर्दै राष्ट्रपति भण्डारीले स्थानीय उत्पादन वृद्धि गर्ने र त्यसको आधुनिक प्रशोधन र प्रयोगमार्फत खाद्य जोखिम कम गर्न सबै पक्षको उत्तिकै जिम्मेवारी रहने बताउनुभएको हो । राष्ट्रपति कार्यालय शीतल निवासमा आज नेपाली मौलिक पाककलाको क्षेत्रमा आबद्ध अभियानकर्मी, शैक्षिक सङ्घ संस्थाका प्रतिनिधि, खाद्य विशेषज्ञ र सेफ प्रतिनिधिमण्डलसँगको भेटमा उहाँले सरकारले नेपाली मौलिक परिकारको स्थानीय तथा अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखेको औंल्याउनुभयो । सो अवसरमा राष्ट्रपति भण्डारीले अहिले युवामा देखिएको पश्चिमा खानपानको संस्कृतिप्रति चिन्ता व्यक्त गर्दै नेपाली मौलिक खाद्य पदार्थलाई परिमार्जन र परिष्कृत ढङ्गले प्रयोग गर्न र पस्कने सके त्यसको बजारीकरणमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रपति निवासको आफ्नो भान्सामा समेत विशेषगरी नेपाली मौलिक परिकारनै पाक्ने गरेको भन्दै उहाँले आफू गाउँमा रहँदा किनेमा, कागुनो तथा ताप्लेजुङका खोलानालामा पाइने तितो स्वाद भएका माछा खाएको स्मरण सुनाउनुभयो । सरकारले विद्यालयमा बालबालिका लक्षित दिवा खाजाको व्यवस्था गरेको र त्यसमा नेपाली मौलिक उत्पादनलाई भान्सामा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो । त्यसमा पनि मैदाबाट बन्ने पिज्जाको सट्टा कोदोको पिठो प्रयोग र मकैका विविध परिकार, दूधका परिकार समावेश गर्न सकिने उहाँले बताउनुभयो । नेपालीको चिनारीलाई विश्वमाभ्म परिचित गर्न नेपाली मौलिक खानाको अहिले विशेष भूमिका रहेको चर्चा गर्दै राष्ट्रपति भण्डारीले यस अभियानमा निरन्तर लागि परेका सम्बद्ध सबै पक्षलाई धन्यवाद र आभार प्रकट गनुभयो ।

त्यस अवसरमा नेपाल भ्रमणमा रहनुभएका भारतको सिक्किम युनिभर्सिटीका प्राध्यापक ज्योतिप्रकाश तामाङले नेपालको हिमालय क्षेत्रमा पाइने हर्ब्स र स्पाइसेस वैज्ञानिकरूपमै औषधि जतिकै महत्वपूर्ण रहेको र सरकारले विज्ञहरू सामेल गरी विशेष योजनाबनाएर अन्तर ाष्ट्रिकरण गर्न सकिने बताउनुभयो ।

## प्रधानमन्त्री देउवा र सङ्घका पदाधिकारीबीच छलफल, ११ बुँदे प्रस्ताव पेश

**रासस**
**काठमाडौं, २५ जेठ**

प्रधानमन्त्री शेरबहादुर देउवा र भक्तपुर उद्योग वाणिज्य सङ्घको टोलीबीच बुधबार भक्तपुरको विकासका बारेमा छलफल भएको छ ।

भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवप्रसाद मानन्धर नेतृत्वको पदाधिकार ीसहितको टोलीले बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री देउवासँग भेट गरी ११ बुँदे प्रस्ताव पेश गर्दै भक्तपुरको पूर्वाधार विकासका लागि पहल गरिदिन अनुरोध गरेको हो ।

सङ्घले प्रधानमन्त्री देउवासमक्ष लोकतन्त्रको संस्थागत विकास र संविधानको पूर्ण पालनाप्रति प्रतिबद्ध वर्तमान सरकारले भक्तपुरको विकासमा टेवा दिन अनुरोध गरेको हो । सङ्घका अध्यक्ष मानन्धरले प्रधानमन्त्रीको दृढ अठोट र सङ्कल्पका कारण हालै मुलुकमा स्थानीय तहको निर्वाचन शान्तिपूर्ण, भयरहित एवं व्यवस्थितरूपमा सम्पन्न भएको भन्दै निजी क्षेत्र पनि राजनीतिक स्थायित्व र आर्थिक समृद्धिप्रति अत्यन्त उत्साहित बन्न पुगेको बताउनुभयो ।

प्रधानमन्त्रीसमक्ष भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय सञ्चालनका लागि स्वीकृत प्रदान गर्न उहाँले आग्रह गर्नुभयो । उहाँले ख्वप विश्वविद्यालय सञ्चालनमा आए जनताले न्यून शुल्कमा नेपालमै विशेषज्ञ चिकित्सक उत्पादन गर्नसक्ने जानकारी गराउनुभयो । सङ्घले प्रधानमन्त्री देउवासँग भक्तपुर नगरकोट जोड्ने सडक यथाशीघ्र कालोपत्रसहित निर्माण सम्पन्न गर्न, सूर्यविनायक नगरपालिकामा पर्ने राष्ट्रिय प्राणी उद्यानको अविलम्ब निर्माण तथा सञ्चालनमा ल्याउन, भक्तपुरमा अन्तर्राष्ट्रियस्तरको सम्मेलन केन्द्र सभाहल निर्माण गर्न, पर्यटन पूर्वाधारको विकास गरी भक्तपुर आउने पर्यटकको बसाइँ अवधि लम्ब्याउन तारे होटल निर्माणको प्रबन्ध गरिदिन, हालको भक्तपुर औद्योगिक क्षेत्रलाई हस्तकला ग्रामका रूपमा विकास गरी औद्योगिक क्षेत्रलाई यथाशीघ्र उचित स्थानमा स्थानान्तरण गर्न

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गलकोटमा बाढीले एक घरमा क्षति, दुई घर र एक विद्यालय उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ जेठ**

बागलुङको गलकोटमा बाढी पहिराका कारण तीन घरमा क्षति पुगेको छ ।

गलकोट नगरपालिका-३ को हटिया बजारमा बजारभन्दा माथिबाट भ्मरेको लेदोसहितको बाढीले एक घर पुरिएको छ भने वडा नं ६ मा पहिराका कारण दुई घरमा उच्च जोखिममा परेको वडाध्यक्ष रामप्रसाद कँडेलले जानकारी दिनुभयो ।

सोही वडामा रहेको नवज्योति दुर्गा आधारभूत विद्यालयसमेत बाढीका कारण उच्च जोखिममा परेको कँडेलको भनाइ छ । पहिराले स्थानीय नारायण नेपाली र टीकाबहादुर घर्तीको घरपहिराका कारण उच्च जोखिममा परेको छ । मङ्गलबार साँभ्मदेखि परेको अविरल वर्षाका कारण राति एक्कासी बाढी बजारमा बस्दा आवतजावत ठप्प भएको थियो । नगरपालिकाले बन्द रहेको सडक खुलाउने प्रयास गरिरहेको वडा नं २ का अध्यक्ष फमबहादुर खत्रीले जानकारी दिनुभयो । बाढीले स्वास्थ्यचौकी र बजार क्षेत्रमा आवतजावत गर्ने सडक पुरिएको उहाँको भनाइ छ । पहिराले कोइराबारी खानेपानी, चरौंदीखोला खानेपानी र देउराली खोला खानेपानीको मुहान तथा पाइपमा क्षति पुऱ्याउँदा खानेपानी पूर्णरुपमा अवरुद्ध भएको छ । पहिराले गलकोट नगरपालिका वडा नं ६ मा रहेको हटिया मजुवा हुँदै ताराखोला जोड्ने कृषि सडक, नगरपालिकाको कार्यालयदेखि ढले पीपलसम्मको सडकसमेत बाढीले बगर बनाएको छ । बाढी, पहिराले ग्रामीण सडकसमेत अवरुद्ध भएका छन् । पानी रोकिएपछि बुधबार बिहानदेखि अवरुद्ध सडक सञ्चालन गराउन थालिएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्भ्मनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा स्पोर्ट्स अवार्ड असार १८ गते हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ जेठ**

छैटौं संस्करणको ‘पोखरा स्पोर्ट्स अवार्ड २०७८’ आगामी असार १८ गते शनिबार हुने तय भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा बुधबार पोखरा रंगशालामा बसेको तेस्रो पूर्ण बैठकबाट अवार्ड कार्यक्रम विश्व खेलकुद पत्रकार दिवसको सर्न्दभ पारेर असार १८ गते गर्ने निर्णय गरिएको महासचिव राजाराम पौडेलले जानकारी दिए। अर्वाडको मिति घोषणा गरिएसँगै कार्यक्रमलाई भव्य बनाउन तयारी तिव्र पारिने महासचिव पौडेलको भनाई छ।

अवार्ड कार्यक्रमलाई थप व्यवस्थित बनाउन मञ्चका अध्यक्ष दीननाथ बरालको संयोजकत्वमा मुल आयोजक समिति गठन गर्ने निर्णय बैठकले गरेको छ। यसैगरी अवार्ड कार्यक्रमलाई आर्कषक बनाउन सल्लाह सुझाब लिन जेठ २८ गते मञ्चमा आवद्ध सदस्यहरुको बिचमा बृहत भेला आयोजना गरिने तय भएको महासचिव पौडेलले बताए।

अवार्ड कार्यक्रमलाई भव्य बनाउन सबैको साथ सहयोग आवश्यक रहेको अध्यक्ष दीननाथ बरालको भनाई छ। ‘खेल क्षेत्रमा अगाडि बढ्ने खेलाडीलाई उत्प्रेरणा प्रदान गर्नको लागि अवार्ड कार्यक्रम गर्न लागेका हौं, सबैको साथ र सहयोगमा अवार्ड कार्यक्रमलाई सम्पन्न गर्नेछौं’ अध्यक्ष बरालले भने। गण्डकी प्रदेशकै गौरवको रुपमा रहेको अवार्ड कार्यक्रममा सहयोग गर्न सबै खेलप्रेमी महानुभावलाई उनको आग्रह छ। पोखरा सभागृह हलमा हुने कार्यक्रम मार्फत मञ्चले लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र उत्कृष्ट खेल पत्रकारलाई अवार्ड वितरण गर्नेछ।

अवार्ड कार्यक्रमको थप आर्कषणमा साँस्कृतिक कार्यक्रम समेत रहनेछ। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी खेलकुद बिटमा कलम चलाउने पत्रकारको संस्था हो। मञ्चमा गण्डकी प्रदेशका ५६ जना पत्रकार आवद्ध छन्। मञ्चले २०७३ सालबाट अवार्ड कार्यक्रमको आयोजना गर्दै आएको छ।

# नीति तथा कार्यक्रममा ‘खेल्छ गण्डकी’

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ जेठ**

गण्डकी प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा ‘खेल्छ गण्डकी’ नारालाई अघि सारेको छ।

प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मङ्गलबार सरकारको आगामी आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत गर्दै उक्त नारासँगै खेलकुदमा युवाको बढ्दो चासोलाई सम्बोधन गर्न प्रदेश खेलकुद नीति बनाई कार्यान्वयन गरिने बताउनुभयो। नीति तथा कार्यक्रममा खेलबाट सामाजिक रुपान्तरण मान्यताबमोजिम गाउँ-गाउँसम्म खेलकुदको विस्तार गर्ने उल्लेख छ। प्रदेशमा स्पोर्टस् एकेडेमी स्थापना गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने नीति प्रदेश सरकारले लिएको छ। ‘एक स्थानीय तह, एक खेलमैदान’ कार्यक्रमलाई निरन्तरता दिइएको छ। प्रदेशका विभिन्न शैक्षिक संस्था, समुदायस्तरबाट सञ्चालित खेलमैदान तथा रङ्गशालाको आवश्यकतानुसार सार्वजनिक-निजी साझेदारी नमुना निर्माण तथा स्तरोन्नति गरिने उल्लेख छ।

पोखरा रङ्गशालाको पूर्वाधारमा सुधार गरी रातको समयमा समेत अन्तर ाष्ट्रियस्तरका खेल सञ्चालन गर्न सकिने गरी कार्यक्रम अघि बढाइने प्रदेश प्रमुख गुरुङले बताउनुभयो। पोखरा रङ्गशालाको स्वामित्व प्रदेश मातहत ल्याउन पहल गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ। गण्डकीलाई खेलकुद पर्यटन केन्द्रका रूपमा विकास गर्न युवा तथा खेलाडीलाई स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउँदै विभिन्न परम्परागत, साहसिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद कार्यक्रममा जोड दिइएको छ।

खेलाडी तथा प्रशिक्षक तयार गरी खेलकुद प्रतियोगिता सञ्चालन, उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई खेलकुद पुरस्कार प्रदान गर्नुका साथै प्रदेशको प्रतिनिधित्व हुने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक जित्ने खेलाडीलाई प्रोत्साहन सहयोग उपलब्ध गराउने सरकारको योजना छ।

गण्डकीमा तय भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न गर्न नेपाल सरकारसँग समन्वय गरी आवश्यक कार्य गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ। कास्कीको माछापुच्छ्रे गाउँपालिका-६, भिँडाबारीमा एन्फा प्राविधिक केन्द्र निर्माणको कामलाई नेपाल सरकारसँगको सहकार्यमा अगाडि बढाइने प्रदेश सरकारले जनाएको छ।

# गह्रौं प्राथमिक अस्पतालमा बिरामीको चाप

**पोखरापत्र संवाददाता**
**वालिङ, २५ जेठ**

मौसममा आएको परिवर्तनसँगै वालिङस्थित गह्रौं प्राथमिक अस्पतालमा दैनिक बिरामीको चाप बढेको छ।

केही दिन यता गर्मी बढेसँगै विभिन्न रोगका बिरामी अस्पतालमा उपचारका लागि आउनेक्रम बढेको सूचना अधिकारी उदय पौडेलले जानकारी दिनुभयो। “सामान्यतया दैनिक १५० देखि २०० ले सेवा लिनुहुन्छ”, उहाँले भन्नुभयो, “मौसम परिवर्तनसँगै अहिले दैनिक ३०० बढीले सेवा लिन थाल्नुभएको छ।” उपचारमा आउने बिरामीमा बढी ज्वरो र झाडापखाला, बान्ता लगायतका छन्। “मौसम परिवर्तन, दुषित खानेपानी तथा खानपानमा ध्यान नदिँदा ज्वरोको प्रकोप फैलिएकोले पानी शुद्धिकरण गरेर खाने, बासी सडेगलेका वा बाहिर जहाँ पायो त्यहीँको खानेकुरा नखान सुझाव दिएका छौं”, उहाँले भन्नुभयो, “अस्पतालमा स्याङ्जासहित दक्षिण पर्वतका केही भेगका बासिन्दाले प्रत्यक्ष सेवा लिन्छन्।” बिरामीको अवस्था हेरेर केहीलाई अस्पतालमै भर्ना गरेर उपचार गर्ने गरिएको छ। केहीलाई औषधि र आवश्यक परामर्शसहित घरमै सुरक्षित रहन अनुरोधसहित पठाउने गरिएको छ।

उपचारमा आउने बिरामीमा विशेष गरी ज्वरो आउने, खोकी लाग्ने, खान मन नलाग्ने, शरीर दुख्ने, बान्ता हुने, झाडापखला, आउँ, टाइफाइडका लक्षणहरू भेटिएको उहाँले बताउनुभयो।

# खर्च विवरण बुझाउन उम्मेदवारलाई ताकेता

**पोखरापत्र संवाददाता**
**पर्वत, २५ जेठ**

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार बनेकाहरूलाई खर्च विवरण बुझाउन ताकेता गरिएको छ।

जिल्ला निर्वाचन कार्यालयले सूचना जारी गर्दै निर्वाचन भएको मितिले ३० दिनभित्र सबै उम्मेदवारहरूले खर्च विवरण बुझाउन आग्रह गरेको हो। गत वैशाख ३० गते निर्वाचन सम्पन्न भएको थियो। निर्वाचन कार्यालयले अनिवार्य रूपमा खर्चविवरण उपलब्ध गराउन माग गरेको हो।

निर्वाचन आयोगले निर्वाचन हुनुभन्दा अघि नै महानगर, उपमहानगर, नगर र गाउँपालिका प्रमुख तथा वडाध्यक्ष र सदस्यहरूका लागि खर्चको सीमा तोकेको थियो। सोही मापदण्डभित्र निर्वाचनको खर्च गर्नुपर्ने भए पनि अधिकांश उम्मेदवारहरूले अत्यधिक मात्रामा खर्च गरेका समाचारहरू आइरहँदा कार्यालयले आयोगले तोके अनुसारको मापदण्ड र खर्च विवरणअनुसार बुझाउन आग्रह गरेको हो।

यही जेठ ३० गतेभित्र सबै विजयी भएका वा विजयी हुन नसकेका सबै उम्मेदवारहरूलाई विवरण उपलब्ध गराउन सूचना जारी गरिएको जिल्ला निर्वाचन अधिकारी लक्ष्ु शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार सवारी साधन, इन्धन, प्रचारप्रसार, ढुवानी, कार्यकर्ता परिचालन, कार्यालय सञ्चालन, प्रतिनिधि परिचालन लगायतमा गरिएको खर्चको विवरण पेस गर्नुपर्ने उहाँले बताउनुभयो।

नगरपालिका प्रमुख र उपप्रमुखले रु चार लाख ५० हजारसम्म र वडाध्यक्षले रु दुई लाखसम्म र गाउँपालिका अध्यक्ष र उपाध्यक्षले रु तीन लाख ५० हजारसम्म खर्च गर्न पाउने प्रावधान रहेको थियो।

# पर्यटन व्यवसायमैत्री मौद्रिक नीति ल्याउन नाट्टाको आग्रह

**रासस**
**काठमाडौं, २५ जेठ**

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्टस् (नाट्टा)ले नेपाल राष्ट्र बैंकलाई पर्यटन व्यवसायमैत्री मौद्रिक नीति ल्याउन आग्रह गरेको छ।

नाट्टाका अध्यक्ष रमेश थापा नेतृत्वको टोलीले मङ्गलबार नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई भेटेर कोभिड-१९ को महामारीबाट आक्रान्त पर्यटन व्यवसायलाई पुनरुउत्थान हुने खालको मौद्रिक नीति ल्याउन आग्रह गरेको हो। नाट्टाले कोरोना महामारीबाट आक्रान्त पर्यटन व्यवसाय थोरै चलायमान हुन लागेको अवस्थामा हालै राष्ट्र बैंकले पुनःकर्जा कार्यविधिमा गरेको परिवर्तनले असाध्यै अप्ठ्यारो परिस्थिति उत्पन्न भएको उल्लेख गर्दै पर्यटन क्षेत्रलाई पुनरुउत्थान गर्नका लागि पुनःकर्जाको व्यवस्थालाई पाँच वर्षसम्म निरन्तरता दिनुपर्ने माग अघि सारेको छ।

यस्तै पर्यटन क्षेत्रका व्यवसायीले कोरोनाका कारण बैंकबाट लिएको ऋणको किस्ता समयमा बुझाउन नसकेको भन्दै विलम्ब शुल्क नलाग्ने गरी भुक्तानीको वातावरण निर्माण गर्नुपर्ने, पर्यटन क्षेत्रलाई पनि निर्यात व्यवसायीले पाएजस्तो ‘क्यास व्याक इन्सेन्टिभ’ दिइने व्यवस्था प्रदान गर्न आग्रह गरेको छ। नाट्टाले कोरोनाबाट अति प्रभावित क्षेत्र पर्यटनलाई सहजरूपमा ऋण प्रवाहको व्यवस्था गर्नुपर्ने, पर्यटन व्यवसायीलाई कम्पनी दर्ता प्रमाणपत्र कर चुक्ताको प्रमाणपत्रका आधारमा बैंक ग्यारेन्टीको धितो राखेर रु २० लाखसम्म सहुलियत ऋण प्रवाह गर्नुपर्ने, टुर गाइड, ट्रेकिङ गाइड, र्‍याफ्टिङ गाइड, पर्वतारोहण गाइडलगायत सरकारले प्रदान गरेको प्रमाणपत्र जमानी राखेर रु १० लाखसम्म सहजरूपमा सहुलियत ऋण प्रवाह गर्न माग गरेको छ। यसैगरी विदेश भ्रमणका लागि टुर प्याकेज खरिद गर्दा दिने भुक्तानी सेवा बढाउनुपर्ने, राष्ट्र बैंकको डलर इजाजत र पर्यटन विभागबाट जारी हुने इजाजतको नवीकरण गर्ने समयमा एकरुपता ल्याउनुपर्नेलगायत मागसमेत नाट्टाको छ।

# प्रधानमन्त्री...

पहल गरिदिन आग्रह गरेको छ।

त्यस्तै व्यावसायिक कृषिखेती गर्नका लागि नेपालमै मल कारखाना सञ्चालन गर्न, जिल्लाभित्र उत्पादित कृषिउपजको बजारीकरणका लागि कृषि थोक बजार केन्द्रको निर्माण गरिदिन, स्वदेशी उत्पादनको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न श्रम ऐनमा आवश्यक सुधार गरी श्रम लागत छिमेकी मुलुकसरह बनाउन, नेपाली गार्मेन्ट उद्योगबाट उत्पादित वस्तु निर्यात गर्दा डण्डी र सिमेन्टमा जस्तै आठ प्रतिशत निर्यात अनुदान व्यवस्था गरिदिन, आव २०७९/०८० को बजेटमा विद्युतीय सवारी साधनामा लगाइएको करको दर खारेज गर्न, युवालाई स्वदेशमै बसेर उद्योग व्यवसाय गर्न प्रोत्साहन मिल्ने कार्यक्रम ल्याउन र स्वदेशमा रोजगारी सिर्जना गरिदिन सङ्घले प्रधानमन्त्री देउवासँग आग्रह गरेको छ।

भेटमा प्रधानमन्त्री देउवाले सङ्घको आग्रहलाई स्वीकार्दै आवश्यक पहल गर्ने जानकारी गराउनुभएको सङ्घका सदस्य नवीन प्रजापतिले जानकारी दिनुभयो।


## डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं।

डढेलोले,

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार

कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्छ।
(कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१)

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला मन्त्रालय
पोखरा, नेपाल
फोन :०६१-४६७७३२/४६७७३३

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# नीति तथा कार्यक्रममा समेटिएका बागलुङका योजना

**रासस**
**बागलुङ, २५ जेठ**

गण्डकी प्रदेश सरकारले आउँदो आर्थिक वर्षको नीति तथा कार्यक्रममार्फत बागलुङमा महत्वपूर्ण योजना अगाडि बढाउने घोषणा गरेको छ।

प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मङ्गलबार प्रदेशसभाको बैठकमा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा जडीबुटी प्रशोधन केन्द्र स्थापनादेखि ढोरपाटनको पर्यटकीय गुरुयोजना बनाउनेसम्म उल्लेख छ। पटक-पटक घोषणा भई कार्यान्वयनमा आउन नसकेका कतिपय पुराना आयोजना पनि नीति तथा कार्यक्रममा परेका छन्।

प्रदेश सरकारले लामो समयदेखि अन्योलमा रहेको जलाशययुक्त उत्तरगङ्गा जलविद्युत् आयोजना यथाशक्य छिटो निर्माण सुरु गर्न आवश्यक पहल गर्ने जनाएको छ। ढोरपाटन क्षेत्रमा बन्ने उक्त आयोजना निर्माणमा सरकारी घोषणा आएको वर्षौं बिते पनि काम अगाडि बढ्न सकेको छैन। कूल ८२८ मेगावाट क्षमताको उक्त आयोजनामा रु एक खर्ब ७० अर्ब खर्च लाग्ने अनुमान छ।

यस्तै देशकै एक मात्र सिकार आरक्ष रहेको ढोरपाटन क्षेत्रलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न गुरुयोजना तयार पारिने भएको छ। ढोरपाटनको पर्यटकीय गुरुयोजना बनाउने चर्चा बेलाबेला हुने गरे पनि त्यसले अझै सार्थकता पाउन सकेको छैन।

उक्त विषयलाई नीति तथा कार्यक्रममै समेटेर प्रदेश सरकारले केही आशा भने जगाएको छ। धार्मिक हिसाबलेसमेत महत्वपूर्ण मानिने ढोरपाटनमा पर्यटकीय पूर्वाधार निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिइने जनाइएको छ।

पर्यटन विकासको प्रचुर सम्भावना भएर पनि ढोरपाटन पूर्वाधार र प्रचारप्रसारका दृष्टिले पछाडि छ। प्रख्यात शिकार गन्तव्यका रुपमा ढोरपाटन परिचित छ। बागलुङ नगरपालिकास्थित पञ्चकोटलगायतका धार्मिकस्थलको संरक्षण र संवर्द्धनमा आवश्यक सहयोग उपलब्ध गराउने घोषणा प्रदेश सरकारले गरेको छ। काठेखोला गाउँपालिकाको बेलढुङ्गाबाट ओखलेधुरी-संसारकोट हुँदै पञ्चकोट जोड्ने पदमार्ग निर्माणलाई नीति तथा कार्यक्रममै समावेश गरिएको छ। जडीबुटीको व्यवसायीकरणका लागि जिल्लामा जडीबुटी प्रशोधन केन्द्र खोलिने भएको छ। बागलुङसँगै गोरखामा पनि प्रशोधन केन्द्र खोलिने नीति तथा कार्यक्रममा उल्लेख छ। बागलुङ, मुस्ताङ, म्याग्दीलगायत जिल्लामा जडीबुटी खेतीलाई 'पकेट'का रूपमा विस्तार गरिने भएको छ। यस्तै प्रदेशमा आलु उत्पादन वृद्धि गर्ने उद्देश्यले जिल्लाको ताराखोला र ढोरपाटनमा आलु पकेट क्षेत्र विस्तार गरिने भएको छ। आलु विशेष कार्यक्रमका लागि किसानलाई अनुदान दिइने भएको छ। कास्कीको हेम्जा र गोरखाको धार्चेमा पनि आलु पकेट कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। सदरमुकामस्थित उपप्रादेशिक तहको धवलागिरि अस्पतालमा 'सिटीस्क्यान' सेवा सञ्चालनमा ल्याइने भएको छ। प्रदेशकै दोस्रो ठूलो सरकारी अस्पताल भएर पनि यस अस्पतालले अहिलेसम्म 'सिटीस्क्यान' सेवा दिन सकेको छैन। यस अस्पतालमा देखिएको विशेषज्ञ चिकित्सकको अभावलाई दृष्टिगत गरी विशेष प्रोत्साहन कार्यक्रममार्फत जनशक्ति व्यवस्थापन गरी विशिष्टिकृत सेवा प्रदान गरिने भएको छ।

समुदायमा आधारित परम्परागत पेशा तथा सीपको व्यावसायीकरणका लागि सञ्चालित भगत सर्वजित सीप विकास कार्यक्रमलाई निरन्तरता दिइने भएको छ। बागलुङ भएर जाने मध्यपहाडी पुष्पलाल लोकमार्गको निर्माण हुन बाँकी खण्डको निर्माण सक्ने र नेपाललाई उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोर स्तरोन्नतिको योजनालाई नीति तथा कार्यक्रममा समावेश गरिएको छ। गलकोटमा व्यवस्थित सहरी विकास कार्यक्रम सञ्चालन गरिने भएको छ। त्यसका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र जग्गा एकीकरणका लागि आवश्यक कानुन तर्जुमा गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ। 'व्यवस्थित सहर : हामी सबैको रहर' कार्यक्रमअन्तर्गत गलकोटसहित गोरखाको पालुङटार, स्याङ्जाको चापाकोट, नवलपुरको बुलिङटारलगायत स्थानलाई व्यवस्थित सहरका रूपमा विकास गरिने योजना छ।

# सत्र खानेपानी आयोजनालाई १९ करोड बजेट

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ जेठ**

बागलुङमा सङ्घीय सरकारले सञ्चालन गर्ने १७ खानेपानी आयोजनाका लागि रु १९ करोड विनियोजन भएको छ।

जिल्लाका विभिन्न क्षेत्रमा खानेपानीका आयोजना सञ्चालनार्थ सरकारले मन्त्रालयगत बजेट विनियोजनमा १७ आयोजनाका लागि रु १९ करोडपाँचलाखबजेटविनियोजन गरेको हो।

चालु बर्खे अधिवेशनमा मन्त्रालयगत बजेटमाथि छलफल चलिरहेकाले आयोजना र बजेटमा थपघट हुनसक्छ। आगामी आर्थिक वर्षमा सञ्चालन हुने अधिकांश आयोजना केही वर्ष पहिलेदेखि नै निर्माणाधीन अवस्थामा छन्। पुराना चलिरहेका आयोजनालाई पूर्णता दिने र नयाँ आयोजनामार्फत उपभोक्तामा स्वच्छ खानेपानी पुर्‍याउन बजेटको व्यवस्थापन गरिएको अर्थ मन्त्रालयले जनाएको छ।

नेपाल सरकारले देशभर स्वच्छ खानेपानीको व्यवस्थाका लागि रु ३७ अर्ब ३५ करोड बजेट विनियोजन गरेको छ। सरकारले विनियोजन गरेको बजेटमध्ये बागलुङ जिल्लाले विभिन्न १७ योजना सञ्चालन गर्न रु १९ करोड पाँच लाख बजेट पाउने भएको हो।

बागलुङ नगर सहलगानी खानेपानी आयोजना र बलेवा नारायणस्थान खानेपानी आयोजनाहरूमा प्रशोधन प्रणालीको सुधार विस्तारका लागि सरकारले रु १० लाख बजेट विनियोजन गरेको छ। सहलगानी कार्यक्रमअन्तर्गत लिफ्टिङ प्रविधिका दुई आयोजनामध्ये बलेवा नारायणस्थानखानेपानीआयोजना सञ्चालनमा आइसकेको छ भने बागलुङ नगर खानेपानी आयोजनानिर्माणाधीनअवस्थामा छ। बागलुङ नगरपालिका-१२ को अमलाचौर बृहत् लिफ्टिङ खानेपानी आयोजनाका लागि २० लाख विनियोजन भएको छ।

ढोरपाटन नगरपालिका-२ र ६ मा सञ्चालन हुने खानेपानी आयोजनाका लागि दुई करोड, दाद्रा खोला लाम्राती, लटेखोरिया, रिजालचोक लिसेपानी पम्पिङ खानेपानी आयोजना काठेखोला गाउँपालिका-५ बिहुँका लागि रु तीन करोड पाँच लाख र गलुवा बिरौटा खानेपानी आयोजना बगलुङ नगरपालिका-१० भकुण्डेका लागि रु पाँच लाख विनियोजन भएको छ। शालिग्राम पञ्चकोट खानेपानी आयोजनाका लागि ५० लाख, भकुण्डे खानेपानी आयोजनाका लागि पाँच लाख, हाँडिकोट विहारथला, राङ्खानी भेडिखर्क खानेपानी आयोजना जैमिनी नगरपालिका-१० का लागि रु एक करोड विनियोजन भएको छ। जैमिनी खानेपानी आयोजनाका लागि एक करोड, दमक खानेपानी आयोजनाको लागि दुई करोड, बागलुङ गलुवा डेकेविराउटा खानेपानी आयोजनाका लागि दुई करोड, हिल खानेपानी आयोजनाका लागि पाँच लाख र तित्याङ, ठूला ढुङ्गा नुवारा खानेपानी आयोजनाका लागि रु दुई करोड विनियोजन भएको छ।

खहरे, काभ्रे, माझकोट लिफ्टिङ खानेपानी आयोजना बागलुङ नगरपालिका-३ का लागि २० लाख, मूलाबारी भैरवस्थान खानेपानी आयोजनाका लागि २० लाख, गादेलबोत देउपुजा खानेपानी आयोजना बागलुङ नगरपालिका-८ का लागि रु एक करोड ५० लाख र भान्सा सिस्नेरी खानेपानी आयोजनाका बागलुङ नगरपालिका-७ का लागि रु एक करोड ५० लाख रुपैयाँ विनियोजन भएको छ। हालसम्म सार्वजनिक भएको तथ्याङ्कअनुसार विनियोजित खानेपानी आयोजनामध्ये सबैभन्दा धेरै बागलुङ नगरपालिकाका छन्।

# प्राथमिकतामा ढोरपाटन : पर्यटन केन्द्र बनाउन गुरुयोजना

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ जेठ**

गण्डकी प्रदेश सरकारले ढोरपाटन शिकार आरक्ष क्षेत्रलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्नका लागि आवश्यक गुरुयोजना बनाउने भएको छ। गण्डकी प्रदेश सरकारको अन्तिम कार्यकालमा ढोरपाटनलाई पर्यटकीय केन्द्र बनाउने योजना अघि सारिएको हो।

सरकारले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्दै ढोरपाटन क्षेत्रमा पर्यटन विकासका लागि गुरुयोजना बनाएर काम गर्ने नीति लिएको हो। नीति तथा कार्यक्रममा समेट्दै भनिएको छ, "ढोरपाटनलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न गुरुयोजना तयार गरिने छ।"

नेपालको एकमात्रै शिकार आरक्ष ढोरपाटन साहसिक पर्यटनका लागि प्रसिद्ध छ। विदेशी पर्यटकले मात्रै शिकार गर्न पाउने आरक्षमा आन्तरिक पर्यटकसमेत पुग्ने गरेका छन्। विदेशी शिकारीका सहयोगीका रूपमा आरक्ष क्षेत्रको सबै ब्लकमा बाहेक आन्तरिक पर्यटक सीमित क्षेत्रमा मात्रै पुग्छन्। ढोरपाटन नगरपालिका-९ देउराली कटेपछि उपत्यका देखिन्छ।

उपत्यकाभन्दा माथि धेरै बस्ती नहुनु, शिकार आरक्ष क्षेत्रमा रहेका घुम्न मिल्ने ठाउँका विषयमा जानकारी नहुनु र पहुँचमार्गको अभावमा ढोरपाटन पुग्ने पर्यटक विरलै त्यहाँभन्दा माथि पुग्छन्। शिकार आरक्षको कार्यालय पुगेका पर्यटकले आरक्षमा हुने शिकार, पाइने वन्यजन्तु र जडीबुटीको जानकारी त लिन्छन् तर गहिराइमा पुग्न सम्बन्धित क्षेत्रमा पुग्नै पर्छ। ढोरपाटन शिकार आरक्षका सबै ब्लकमा पर्यटक पुग्ने गरी कार्यक्रम र पूर्वाधार तयार गर्न स्थानीय, प्रदेश र सङ्घीय सरकारले कार्यक्रम ल्याउनुपर्ने सरोकारवालाले आवाज उठाउँदै आएका थिए।

ढोरपाटनमा घुम्न मिल्ने ठाउँको विकास गर्नसके पर्यटकका लागि राम्रो गन्तव्य हुने शिकार अरक्ष कार्यालयका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र कँडेल बताउनुहुन्छ। शिकार आरक्षको व्यवस्थापन पक्षले बनाएको योजनाअनुसार गुरुयोजना तयार हुँदा ढोरपाटन बागलुङमा पर्यटनको हब बन्छ। शिकारका लागि आउने साहसिक शिकारीमात्रै ढोरपाटन शिकार आरक्षका विभिन्न ब्लकमा पुग्छन्।

ढोरपाटन शिकार आरक्ष क्षेत्रको सबैभन्दा नजिकको पुग्नैपर्ने गन्तव्य हो, म्याग्दी जिल्लाको सिमानामा पर्ने जलजला। ढोरपाटन उपत्यकाबाट २४ किलोमिटर दूरीमा पर्ने जलजलाको बीचमा पर्छ गुर्जाघाट। ढोरपाटन, गुर्जाघाट हुँदै जलजला पुग्न पदमार्गको निर्माण तथा स्तरोन्नतिमा शिकार आरक्ष कार्यालय लागेको छ।

# मासिए मौलिकता झल्काउने घुमाउने घर

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ जेठ**

बागलुङमा पछिल्लो समय मौलिकता झल्काउने घर देखिनै छाडेका छन्। केही वर्ष अगाडिसम्म ग्रामीण क्षेत्रमा ढुङ्गा र खरले छाएका थुप्रै घुमाउने घर देखिए पनि पछिल्लो समय संरक्षण तथा आधुनिकताका नाममा मासिएका छन्।

ढुङ्गा माटोको गारो। रातो माटो र सेतो कमेरोले पोतिएका घुमाउने घर केही वर्ष अघिसम्म देख्न पाइन्थो, अहिले घुमाउने घर बिरलै देख्न सकिन्छ। आधुनिक घर निर्माणसँगै घुमाउने घर अहिले देख्नै छाडिएको छ। बागलुङका धेरै स्थानमा घर, टिन तथा ढुङ्गाले छाएका घुमाउने घर मासिएका छन्। केही सीमित स्थानमा मात्रै संरक्षण गरेर राखिएका छन्। महत्व नबुझ्दा र आधुनिकताका नाममा आरसिसी घर निर्माणले तीव्रता पाउँदा घुमाउने घर सङ्कटमा परेका छन्। केही स्थानीयवासीले मात्रै घुमाउने घरलाई संरक्षण गरेर राखेका छन्। तीन पुस्ता परिवारका सदस्य हुर्काएको घुमाउने घरलाई संरक्षण गरेर राखेको बागलुङ नगरपालिका-६ लङ्गाउँका सिर्जना थापाले बताउनुभयो। "हजुरबुबाको पालाको घर संरक्षण गरेर राखेकी छु, धेरैले फोटो, टिकटक र भिडियो बनाएर लैजानुहुन्छ", उहाँले भन्नुभयो, "लोप हुन थालेपछि यस्ता घरको खोजी, चासो र चिन्ता बढेको छ।"

विशेषगरी मगर र गुरुङ समुदायको पहिचान बनेको घुमाउने घर संरक्षण अभावमा लोप हुँदै गएका छन्। परम्परागतभन्दा आधुनिक शैलीका घर बनाउन सहज हुने भएपछि घुमाउने घर सङ्कटमा परेको गलकोट नगरपालिका-१० का चन्द्रबहादुर घर्ती मगर बताउनुहुन्छ। गाउँमा भएका त्यस्ता घर पनि जीर्ण बनेका छन्। पर्यटकका लागि रोजाइमा पर्ने भएकाले घुमाउने घरको संरक्षणमा स्थानीय लाग्नुपर्ने उहाँले बताउनुभयो।

स्थानीयवासी चन्द्रकली विक अहिलेका घरभन्दा त्यसको स्वरुप नै फरक हुँदा बनाउने सिकर्मी र डकर्मी पाउन मुश्किल भएको बताउनुहुन्छ। ग्रामीण क्षेत्रमा सहरबजारमा जस्तै आधुनिक शैलीका पक्की घर बन्न थालेपछि घुमाउने घरसँगै ढुङ्गे घर लोप हुने अवस्थामा पुगेको उहाँको भनाइ छ। कला, संस्कृति र मौलिकता बोकेका यस्ता घरले गाउँले जनजीवन र पहिचान बोकेका भए पनि स्थानीय तहले संरक्षणमा चासो देखाएका छैनन्। परम्परागत मौलिक घुमाउने घर संरक्षण गर्न सके घरबाससमेत फस्टाउने अवस्था छ।


**Government of Nepal (GoN)**
**Ministry of Agriculture and Livestock Development**
**Prime Minister Agriculture Modernization Project (PMAMP)**
**Project Implementation Unit (PIU)**
**Syangja, Gandaki Province, Nepal**

**Invitation for Hard Copy Sealed Quotation.**

**Date of first Publication: 26th Jestha, 2079 (9th June, 2022)**

1. The Prime Minister Agriculture Modernization Project, Syangja invites hard copy sealed quotations from registered Suppliers for the supply, delivery, installation, demonstration & commissioning of following mentioned goods.

| S.N. | Identification number | Name of Packages | Bid Security Amount (NRs.) |
|---|---|---|---|
| 1 | PMAMP-PIU /G/SQ/ 04/078-079 | Supply, Delivery, Installation, Demonstration & Commissioning of Seed Processing Plant at Galyang Municipality-11, Jimuha, Syangja. | 53000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Prime Minister Agriculture Modernization Project, Syangja, Telephone No: 063-424945, Email: pmamp.piu.syangja@gmail.com
3. A complete set of Bidding Documents may be purchased from the office Prime Minister Agriculture Modernization Project, Syangja by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 9th Ashar, 2079 (23th June, 2022) during office hours. Information to Deposit Cost of Bid Document Fee.
Name of the Bank: Nepal Bank Limited, Syangja Branch.
Name of Office: Project Implementation Unit, Syangja.
Office code No.: 312004301
Account No.: 00101000000001001001 Rajaswa (Revenue) Shirshak No.: 14229
4. Interested Bidders shall submit the sealed bids to the office Prime Minister Agriculture Modernization Project, Syangja by hand before 12:00 hours on 10th Ashar 2079 (24th June, 2022). Bids received after this deadline will be rejected.
5. The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 10th Ashar, 2079 (24th June, 2022) at 13:00 hours at the office of Prime Minister Agriculture Modernization Project, Syangja,. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of above mentioned bid security amount, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in account:
Name of the Bank: Nepal Bank Limited, Syangja Branch.
Name of Office: Ko.Le.Ni.Ka., Syangja
Office code No.: 312004301 Ko.Le.Ni.Ka. Dharauti Account No.:07201000002003000001
And submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Senior Agriculture Officer